जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २०१ २०८१ साल फागुन २७ गते मंगलबार (11 Mar. 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको बर्बाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मुलुकले बिर्सनै नहुने ... ३ पृष्ठमा : 'नागरिक संगठनहरूले गणतन्त्र... ३ पृष्ठमा : अमेरिकी व्यापार युद्धलाई ...

# मागप्रति कुनै सुनुवाई नभएपछि मलाह समुदायका पाँच वृद्धद्वारा आमरण अनसन सुरु




**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

विभिन्न २० बुदे माग राखि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी बाँधमा विगत एक महिनादेखि मलाह समुदायले थालेको रिले अनसन सोमबारदेखि आमरण अनसनमा परिणत भएको छ ।

गत माघ २६ देखि कोशी बाँधमा थालिएको रिले अनसनको एक महिना पुरा भईसक्दा पनि सरकारले माग सम्बोधनमा कुनै चासो नदेखाएको भन्दै सोमबारदेखि आमरण अनसन थालिएको मलाह जातिको जातिय संगठन नेपाल मलाह कल्याण संघले जनाएको छ । अनसनमा बसेका पाँचै जना ६० वर्ष माथी उमेरका छन् ।

संघका केन्द्रिय अध्यक्ष नारायण मुखियाका अनुसार संघका केन्द्रिय सदस्य ६५ बर्षीय बेचन मुखियाको नेतृत्वमा ७५ बर्षीय बिलेक्षण मुखिया, ७० बर्षीय रशीलाल मुखिया, ६४ बर्षीय पञ्चलाल मुखिया र ६१ बर्षीय सदमलाल मुखिया आमरण अनसनमा बसेका छन् ।

संघले सप्तरी-सुनसरीको बीच सिमामा पर्ने कोशी ब्यारेज सडक खण्डमा चैत्र २७ गते आधि घण्टा तथा बैशाख ५ गते देखि अनिश्चितकालिन चक्काजाम लगायतका आन्दोलनका थप कार्यक्रम समेत घोषणा गरेको छ ।

सरकारी स्वामित्वमा रहेका मत्स्य फार्महरु, सिमसार र रिज्भर्यार आदीमा मलाहा जातीलाई ५० प्रतिशत आरक्षण, संघिय र सात बटै प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना गरी आवश्यक कर्मचारी भर्नामा मलाह जातीलाई प्राथमिक्ता, सरकारले ठेक्का लगाउँदै आएको सार्वजनिक पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ दाउरा संकलन लगायतका कार्य मलाहा जातीलाई मात्र उपलब्ध गराइनु पर्ने लगायतका २० बुदे माग अघि सार्दै नेपाल मलाह कल्याण संघको अगुवाईमा गत माघ २५ देखी रिले अनसन सुरु गरेको थियो ।

उक्त स्थलमा अहिले सम्म नेकपा एमालेका उपसचिव प्रदीप ज्ञवाली, जनमत पार्टीका नेता जयकान्त राउत, मधेश प्रदेशका

***बाँकी अन्तिम पृष्ठमा***

# होली पर्व शान्त र मर्यादित रुपमा मनाउन सबैमा अपील



**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा होली मिलन समारोह तथा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरिएको छ ।

नजिकिंदै लागेको फागु पूर्णिमाको अवसरमा तराई-मधेश महिला फाउण्डेशन नेपालले उक्त गाउँपालिकाको वडा नं. ६ बभनगामा टोलमा यस्तो कार्यक्रमको आयोजना गरेको हो ।

सो अवसरमा आयोजक संस्थाकी अध्यक्ष सुनिता कुमारी साह "क्रान्ति" ले मौलिक संस्कृति र संस्कारको रक्षाका लागि चाडपर्व मनाइनु पर्ने भन्दै होली पर्व शान्त र मर्यादित रुपमा मनाउन सबैमा अपील गरिन् ।

होली पर्वमा खुल्ला रुपमा मद्यपान, धुमपान र जबरजस्ती रंग दल्ने लगायतका प्रवृती बढ्दै गएको चिन्ता व्यक्त गरेकी उनले समाजमा विकृती फैलाउने खालका यस्ता गतिविधी नगर्न सबैमा आग्रह समेत गरिन् ।

सो अवसरमा फाउण्डेशनकी अध्यक्ष साहले होली पर्वको सन्देश अंकित टि-सर्टहरु कार्यक्रममा सहभागि चार दर्जन भन्दा बढीलाई बितरण गरेकी थिइन् ।

कार्यक्रममा महिला अधिकारकर्मी मञ्जु साह, समाजिक अभियन्ता प्रमोद शर्मा, निवर्तमान वडाअध्यक्ष जिवछ यादव, वडा सचिव चेतनारायण यादव लगायतले पनि बोल्दै तराई-मधेशको संस्कृतीका रुपमा रहेको होलीको संरक्षण तथा प्रवर्द्धनका लागि यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्त गरेका थिए ।

# आगलागिमा तीन घर नष्ट

## नगद, सुनचाँदी समेत जलेर ३३ लाख ७० हजार मुल्य बराबरको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ सकरपुरामा आइतबार राती भिषण आगलागि भएको छ । आगलागिमा ६ वटा चौपाया, २ लाख ३५ हजार नगद, ७ तोला सुन र २ किलो चाँदीसहित लाखौं मुल्य बराबरको धनमाल क्षति भएको हो ।

स्थानीय नथुनी यादवको घर नजिक बालेको परालको घुरबाट सल्केको आगोले नथुनीको एक घरसहित तीन जनाको घर जलेर नष्ट हुँदा करिब ३३ लाख ७० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार आगलागिमा नयनि यादव, गोकर्ण मुखिया र लखन मुखियाको घर जलेर नष्ट भएको छ ।

नथुनीको घरसहित खाद्यान, लत्ताकपडा, भाडा वर्तन सुन चाँदी लगायत गरि ११ लाख ३३ हजार, गोकर्ण मुखियाको घरसहित खाद्यान, लत्ताकपडा, भाडा वर्तन सुन चाँदी, चौपाया लगायत गरि

***बाँकी अन्तिम पृष्ठमा***

## अगिनपीडितलाई गाउँपालिकाको राहत



**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ३ सकरपुराका अग्नीपीडित परिवारलाई गाउँपालिकाबाट सोमबार राहत सामग्री प्रदान

***बाँकी अन्तिम पृष्ठमा***

**राजविराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**
**स्वीकृत गर्ने आशयको सूचना ।**

प्रकाशित मिति २०८१।११।२७

यस कार्यालयद्वारा मिति २०८१।१०।१५ मा प्रकाशित नगरपालिका कार्यालय अन्तर्गत खाली रहेका कटरहरु भाडा लगाउने सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिलका बोलपत्र स्वीकृतीका लागि मिति २०८१।११।२६ गतेको निर्णय अनुसार छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धीत सबै सरोकारवालाको जानकारीका लागी ७ दिने सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | कोठाको विवरण | कबोल गर्नेको नाम, ठेगाना | कबोल गरेको मासिक भाडा रु | कैफियत |
|---|---|---|---|---|
| १ | लेखनाथ पुस्तकालय भवन बाहिरको कोठा नं. ४ | लक्ष्मी चाउमिन कोल्ड ड्रिंक, रा.वि. ६ | ११,०००।०० | |
| २ | लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं. १२ | कृष्णा न फर्म, रा.वि. ६ | ५,१००।०० | |
| ३ | न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. ६ | मिथिला जेनेरल सप्लायर्स, रा.वि. ७ | ६,५००।०० | |
| ४ | न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. ९ | आर. के. ट्रेडर्स एण्ड सप्लायर्स, रा.वि. ७ | ६,५००।०० | |
| ५ | लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं. १८ | काम्या न एशोसिएसन, रा.वि. ७ | ५,०५१।०० | |
| ६ | न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ५ | रामजानकी मेडिकल हल, रा.वि. ७ | ८,०१०।०० | |
| ७ | न.पा. कम्पाउण्ड दक्षिण तर्फको कोठा नं. १ | आरती डेन्टल क्लिनिक, रा.वि. ७ | ६,३००।०० | |
| ८ | लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं. १९ | जनता कानुनी सेवा तथा सल्लाह केन्द्र, रा.वि. ७ | ५,५००।०० | |
| ९ | न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ८ | अनिल कुमार पेडियाल एण्ड ब्रदर्स, रा.वि. ७ | ९,०००।०० | |
| १० | न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ६ | ए. एण्ड. ए. ट्रेडर्स, रा.वि. २ | ९,२००।०० | |
| ११ | न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ९ | ए. वि. ट्रेडर्स, रा.वि. ७ | ८,८००।०० | |
| १२ | लेखनाथ पुस्तकालय भवन भित्रको कोठा नं. १३ | ॐ श्री चण्डीका न सेन्टर, रा.वि. ७ | ५,५००।०० | |
| १३ | न.पा. कम्पाउण्ड पश्चिम तर्फको कोठा नं. ३ | आनन्द टेलर्स, रा.वि. ७ | १०,२००।०० | |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# अझ पुगेन विपदको पूर्व तयारी

सप्तरीमा हरेक वर्ष आगलागिबाट करोडौं मुल्य बराबरको धनमालको क्षति हुने गरेको छ । फागुनदेखी बैशाख महिनासम्म हावाहुरी चल्ने मौसम हो । यस्तो बेला सतर्कता अपनाउनु बाहेक कुनै विकलप रहँदैन । त्यतीको थाहा पाउँदा पाउँदै पनि आगलागिका घटनाहरु हुने गरेका छन् । यो कुनै नौलो घटना होइन् । प्रत्येक वर्ष यस्ता घटनाहरु हुँदा हुँदै पनि अझै हामी सर्तक हुन सकिरहेका छैनौं । आगलागिका घटना यसअघि पनि बारम्बार हुँदै आएको छ । सुख्खा मौसम तथा हावाहुरीको समय बाहेक पनि यस्ता आगलागिका घटना हुने गरेको प्रसस्त उदाहरणहरु छन् ।

जिल्ला चर्चामा आउने विपद्का घटनाहरु धेरै छन् । तर त्यस मध्ये अत्याधिक चर्चामा आउने विपदका घटनाहरु मध्ये आगलागिका घटना एउटा प्रमुख हो । विपदका लागि सबै पालिकाले हरेक वर्ष पूर्वतयारी गरेको देखिन्छ र बजेट पनि छुट्याएको हुन्छ । विपद पूर्व तयारी कसलाई भन्ने विषयप्रति पनि हामी गम्भिर हुनु जरुरी छ । नाम मात्रको तयारी की काम पनि गर्ने यो गम्भिर विषय हो । हामी जहिले पनि विपदको सामना गर्न तयारी अवस्थामा रहेको प्रचारबाजी गर्छौं, तर विपत् आयो भने त्यो सबै तयारी शुन्य हुनपुग्छ । सबै हतास र निरास हुन पुग्छन् । भन्नै पर्दा हामी विपदको पूर्व तयारीमा चुकेका छौं, यसको पूर्व तयारी अझै पुगेको छैन् । मात्र हचुवाको तालमा प्रचारबाजी गरेर मिडियामा हालेर जनतालाई आश्वासन दिने काम मात्र हुने गरेको छ ।

अहिले फागुनको अन्तिम साता जिल्लाको दुई स्थानमा भएको आगलागि भएको छ । जसमा लाखौं मुल्य बराबरको धनमाल जलेर नष्ट भएको यथार्थ छ । अग्निपीडितको पीडामा मलहम लगाउन सबै अग्रसर हुन्छौं । तर, यसबाट बच्ने उपायहरु बारे जानकारी गराउँदा गराउँदै पनि यस्तो घटना हुनुमा को कहाँबाट चुकेका छौं ? त्यो पनि मनन् गर्नु जरुरी छ । तसर्थ यसका लागि अहिले देखी नै त्यस्ता घटनाहरुबारे सचेत र सजग रहन अग्रसर हुनुपर्छ । विपद् भनेको कसैले रोकेर वा भनेर आउने होइन् । प्रकृतिक प्रकोपलाई हामी सक्दो नियन्त्रण वा त्यसबाट हुन सक्ने क्षतिलाई न्युन गर्न मात्र प्रयास गर्न सक्छौं । यसका लागि एउटा बलियो संयन्त्र तयार पारी तीनै तहका सरकारले अग्रणी भूमिका निर्वाह गर्न जरुरी छ ।

# मुलुकले बिर्सनै नहुने ऐतिहासिक पात्र-सरदार रुद्रराज

**प्राडा तीर्थप्रसाद मिश्र**

काठमाडौँ, २६ फागुन (रासस) ।

नेपाल गौरवपूर्ण अतीत भएको मुलुक हो । यस देशको वैभव तथा छवि उजिल्याउन इतिहासको कालखण्डमा धेरै व्यक्तित्वहरूको योगदान, त्याग, बलिदान, प्रतिबद्धता र समर्पण रहिआएको छ । यस्ता व्यक्तित्वहरूले हिजो गरेका कार्यहरूबाट भएका उपलब्धिहरू आजको पुस्तालाई जानकारी गराउनैपर्ने भएको छ । हामी सबैले हिजोलाई स्मरण गरी इतिहासलाई सम्मान गर्नैपर्ने हुन्छ । यस्तै तथ्यलाई आत्मसात् गरी सरदार रुद्रराज पाण्डेको १२५औँ जन्मजयन्तीका अवसरमा उहाँले नेपालको शैक्षिक, साहित्यिक तथा आध्यात्मिक क्षेत्रमा लगाएका गुणहरू स्मरण गर्नुपर्ने हुन्छ ।

पृथ्वीनारायण शाहकै एकीकरण अभियानमा पाण्डेहरू सरिक भएका थिए । गोरखालगायत केही चौबिसी राज्यहरूमा पाण्डेहरू राजगुरु रहेको इतिहासले बताउँछ । नवनेपाल निर्माण भएपछि शाह राजाका विश्वासपात्र गुरु हुन पुगेका रुद्रराज पाण्डेका पुर्खा तानसेनको धर्मपानीबाट राजधानीको मुटु प्युखामा स्थायी बसोबास गर्न थाल्नुभएको थियो । यसै वंशका पद्मराज पाण्डेका पुत्ररत्नका रूपमा १९५७ साल फागुन २६ गते रुद्रराज पाण्डेको जन्म भएको थियो । राजगुरु घराना खलकले संस्कृत शिक्षा आर्जन गर्ने तत्कालीन परम्पराअनुसार तीनधारा पाठशालामा रुद्रराज पाण्डेले अध्ययन प्रारम्भ गर्नुभयो । उतिबेला राणा परिवार र केही हुनेखाने वर्गका मानिस मात्र त्यतिबेलाको दरबार स्कुलमा अङ्ग्रेजी शिक्षा पढ्न आकर्षित हुन थालेका थिए । यसैअनुसार रुद्रराज पाण्डे दरबार स्कुलमा भर्ना भई १९७५ सालमा प्रथम श्रेणीमा 'म्याट्रिक' उत्तीर्ण गर्न सफल हुनुभयो । त्यतिबेला दरबार स्कुलले कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरेको हुँदा परीक्षा दिन चाहिँ कलकत्ता नै जानुपर्ने थियो । उक्त समय म्याट्रिक पास गर्ने व्यक्ति औँलामा गन्न सकिने मात्र थिए । तसर्थ , म्याट्रिक उत्तीर्ण हुनेलाई ठूलो सम्मान गर्ने चलन थियो । राणा खलकले रु एक हजारको दोसल्ला पाउँथे भने अरूलाई रु ३०० को दोसल्लाबाट सम्मानित गरिन्थ्यो । यसबाट राणाशासन कालमा शासक र जनसाधारण बीचमा विभेदकारी नीति रहेको बुझ्न सकिन्छ । सरकारी छात्रवृत्तिमा नै पाण्डेले इलाहाबाद विश्वविद्यालयबाट १९८१ सालमा इतिहासमा स्नातकोत्तर उत्तीर्ण गरेपछि इतिहासमा एमए गर्ने पहिलो नेपाली व्यक्ति बन्नुभयो ।

विसं १९८२ देखि नै उहाँले त्रिचन्द्र कलेजमा इतिहास विषयको प्राध्यापक नियुक्त भई दरबार स्कुलमा समेत अध्यापन गर्न प्रारम्भ गर्नुभयो । कालान्तरमा उहाँ त्यही दरबार स्कुलको पहिलो नेपाली 'हेडमास्टर' बन्न पुग्नुभयो । पाण्डेकै अनवरत प्रयासबाट त्रिचन्द्र कलेजमा नेपाली विषयको पठनपाठन सुरु भयो । त्रिचन्द्र कलेजले सुरुमा कलकत्ता र पछि पटना विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको थियो । साथै, नेपालमा नै एसएलसी परीक्षा दिन पाउने व्यवस्था उहाँले नै प्रारम्भ गराउनुभएको थियो । १९९५ सालमा त्रिचन्द्र कलेजको प्राचार्य भई कला र विज्ञानका विभिन्न थप विषय अध्यापन प्रारम्भ गराउने कार्य पनि उहाँबाटै भएको देखिन्छ । हाइस्कुल र कलेज दुवैतिरको शिक्षालाई प्रभावकारी कार्यान्वयन गराउने कार्यमा उहाँले कहिल्यै कमी आउन दिनु भएन । एक कुशल शिक्षक, प्राध्यापक र शैक्षिक प्रशासकका रूपमा आफ्नो योग्यता देखाएकै कारण राणा शासकले पनि उहाँप्रति कहिल्यै वक्रदृष्टि राखेनन् । १९९७ सालको विद्यार्थी आन्दोलनको समयमा उहाँले खेलेको भूमिकाको मानिसले आजसम्म स्मरण गरिरहेका छन् । जयतु संस्कृतम् आन्दोलनका कारण परीक्षा दिन जान नपाएका विद्यार्थीहरूलाई नेपालमै परीक्षा दिने व्यवस्था मिलाउन उहाँ सफल हुनुभयो । २००७ सालको परिवर्तनपश्चात् शिक्षा सचिव र पुरातत्व विभागका निर्देशक भई उहाँले गरेको योगदान उल्लेख्य रहेको छ ।

राणाशासन रहँदा र प्रजातन्त्र आएपछि पनि उहाँको दायित्वमा कुनै फरक परेन । उहाँले २००७ देखि २०१५ सालसम्म सक्रिय भई सरकारबाट प्राप्त भएका दायित्वहरू कुशलतापूर्वक निर्वाह गर्नुभयो । २०१५ सालको नेपालको प्रथम आमचुनावको समयमा निर्वाचन आयुक्त भई निर्वाचन सम्पन्न गराउन उहाँले खेलेका भूमिका सराहनीय रहेको छ । निर्वाचनप्रति जनचेतना बढाउने खालका नाटक नै मञ्चन गराउनुलाई त्यतिबेला प्रशंसनीय कार्य ठानिएको थियो ।

विसं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको प्रभावकारी संरचना र शैक्षिक कार्यक्रमको उन्नयनका लागि राजा महेन्द्रले २०२२ सालमा रुद्रराज पाण्डेलाई उपकुलपति नियुक्त गरे । त्रिभुवन विश्वविद्यालयको शैक्षिक कार्यक्रम विस्तार र भौतिक पूर्वाधार सिर्जना गर्न उहाँको कार्यकाल कोसेढुङ्गा साबित भएको छ । उहाँले त्रिपुरेश्वरस्थित पाहुनाघरमा रहेको केन्द्रीय कार्यालय कीर्तिपुरस्थित स्मृति भवनमा स्थानान्तरण गरी व्यवस्थित गराउनुभयो । लालदरबारमा रहेको केन्द्रीय पुस्तकालय कीर्तिपुरमा नवनिर्मित भवनमा सार्नुभयो । नेपाल अध्ययन संस्थान (कालान्तरमा नेपाल र एसियाली अध्ययन संस्थान हुँदै हाल नेपाल र एसियाली अनुसन्धान केन्द्र भएको छ) र सेडाको गठन उहाँकै कार्यकालमा भएको तथ्य स्मरणीय छ । उहाँकै कार्य–कालमा विज्ञान सङ्कायमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमहरू थपिए । छात्रावास, गान्धीभवन, रोज गार्डेन आदि उहाँकै समयमा निर्माण भएका थिए । राजा महेन्द्रले चाहँदाचाहँदै पनि उहाँले पुनः त्रिविको उपकुलपति हुन अस्वीकार गर्नुभयो ।

रुद्रराज पाण्डेलाई लोकले एकजना मूर्धन्य साहित्यकारका रूपमा पनि प्रतिस्थापित गरेको छ । लेखनाथ पौडेल, शम्भुप्रसाद ढुङ्गेल, कृष्णलाल अधिकारी आदि साहित्यकारसँग उहाँको उठबस थियो । विद्यार्थीकालमा नै चन्द्रिका र सूक्तिसिन्धु जस्ता पत्रिकामा उहाँका कविताहरू प्रकाशित भएका थिए । उहाँले रचना गरेको रूपमती उपन्यास नेपालको इतिहासमा पहिलो मौलिक उपन्यास बन्न पुगेको छ । रूपमती उपन्यासले तत्कालीन नेपाली समाजको राम्रो चित्रण गर्न सफल भएको छ । अतः उक्त उपन्यासलाई इतिहासको स्रोतका रूपमा लिने पनि गरिन्छ । उक्त उपन्यास अङ्ग्रेजी र उर्दू भाषामा समेत अनुवाद हुनुले उनको उपन्यासकारितालाई प्रस्ट्याउन मद्दत पुगेको छ । चम्पाकाजी, प्रायश्चित र प्रेमजस्ता उपन्यास पनि नेपाली साहित्यानुरागीहरूले कोसेली पाएका छन् । नेपालको गौरवपूर्ण अतीतको परिचय गराउने हाम्रो गौरवः हाम्रो नेपाल र नवरत्न जस्ता कृतिहरूले पाठकको मन छोएका छन् ।

यसैगरी, बालबालिकाहरूका लागि बालरामायण, बालकृष्णचरित्र, नीतिकथा जस्ता कालजयी कृतिहरू प्रकाशन भएका छन् । त्रिचन्द्र कलेज र दरबार स्कुल दुवैतिर इतिहास विषयको पठनपाठन भए तापनि नेपाली भाषामा इतिहासका कुनै पुस्तक नै थिएनन् । यसैले पाठ्यपुस्तकहरूको अभाव हटाउन रुद्रराज पाण्डेले बेलायतको र भारतको इतिहास लेख्नुभएको थियो । यसबाट विद्यार्थीहरू मात्र होइन, इतिहासका शिक्षकसमेत लाभान्वित भएका थिए । गोरखा भाषा प्रकाशनी समिति (पछि नेपाली भाषा प्रकाशनी समिति भएको) यी दुवैमा रही नेपाली भाषाका विभिन्न विधाका पुस्तक प्रकाशन गर्न पनि उहाँको सहयोगी भूमिका रहेको थियो । उहाँ शारदा पत्रिकाको प्रकाशन कार्यमा तन, मन र धनले खटिनुभएको थियो ।

उहाँ एक आध्यात्मिक चिन्तक पनि हुनुहुन्थ्यो । प्युखास्थित भवनमा भजनकीर्तन दिनहुँजस्तो हुने गर्दथ्यो । त्यहाँ जोगी, साधुसन्त तथा महात्माहरूको सदैव भीड हुने गरेको चर्चा आज पनि छिमेकीहरूले गर्दछन् । प्युखाबाट कलङ्की बसाइँ सरेपछि पनि यस्ता धार्मिक अर्चनाका कार्यक्रमहरूले निरन्तरता पाउने गरेको छ ।

विसं १९८२ देखि २०४३ (महाप्रस्थान) को छ दशकसम्म नेपालको विभिन्न क्षेत्रमा सक्रिय सेवामा रहेका उहाँलाई तत्कालीन शासकले सम्मान गरेका दृष्टान्त पाइन्छन् । उहाँले गोर्खा दक्षिणबाहु प्रथम, श्री ३ जुद्धशमशेरबाट सरदार उपाधि, त्रिशक्ति पट्ट, राजा त्रिभुवनबाट रजतजयन्ती पदक तथा राजा महेन्द्र र वीरेन्द्रबाट शुभराज्याभिषेक पदकजस्ता अनेकौँ पदक र सम्मान प्राप्त गर्नुभएको थियो । आफू सम्मानित भएर मात्र सन्तुष्ट हुन नसक्ने र अरूलाई प्रोत्साहन र सम्मान गर्नुपर्छ भन्ने विचारधाराका पक्षपाती भएका हुँदा त्रिभुवन विश्वविद्यालयका विभिन्न तहमा सर्वोत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पद्मराज सुवर्ण पदक, टीकालक्ष्मी सुवर्ण पदक, त्रिभुवन विश्वविद्यालयमा र संस्कृत विश्वविद्यालयमा लीलाबल्लभ पन्त सुवर्ण पदक प्रदान गर्न अक्षयकोष नै स्थापना गराउनुभयो । १९९० सालको भूकम्पको समयमा स्वयंसेवी दल खडा गरी पीडितहरूको सेवा गरेको प्रसङ्ग ब्रह्मशेरले एक अन्तर्वार्तामा बताएका थिए । धेरै कुरामा पहिलो नेपाली बन्न पुगेका उहाँ इतिहासका प्राध्यापक मात्र नभई स्वयं नेपालकै इतिहास भएको निर्विवाद तथ्य जगजाहेर छ ।

रुद्रराज साहित्य समिति गठन गरी उहाँका स्वजनहरूले साहित्य, इतिहास, शिक्षा र अध्यात्म गरी चार विधामा प्रत्येक वर्ष एक विधामा उल्लेख्य योगदान गरेका व्यक्ति तथा संस्थालाई पुरस्कार दिने कार्यबाट उहाँको व्यक्तित्व र कृतित्व चिरस्मरणीय बनाउन गरेको कार्य स्तुत्य भएको छ । कुशल शिक्षक, कुशल प्राध्यापक, शैक्षिक प्रशासक, प्रशासनविद्, साहित्यकार, इतिहासकार, समाजसेवी, आध्यात्मिक चिन्तक जस्ता बहुमुखी विलक्षण प्रतिभासम्पन्न व्यक्ति देशमा मात्र होइन, विश्वमा नै कमै मात्र देखिन्छन् । यस्ता मानवताका सरल पात्र तथा नेपालआमाका धर्तीपुत्र, नेपालकै गहना, महामानव रुद्रराज पाण्डे नेपालीको मानसपटलमा सदासर्वदा अमर रहिरहनेछ ।

# भाषिक हिंसाप्रति भाषा आयोगको ध्यानाकर्षण

काठमाडौँ, २६ फागुन (रासस) ।

भाषासम्बन्धी कुनै पनि प्रकारको हिंसाजन्य कार्यबाट बच्ने र बचाउने दायित्व सबै नागरिक भएकाले यस विषयमा संवेदनशील हुन भाषा आयोगले आग्रह गरेको छ । सामाजिक सहअस्तित्व र सद्भावपूर्ण व्यवहार अपनाई सामाजिक एकताको प्रवर्द्धन गर्न पनि आयोगले अपिल गरेको छ ।

नेपाल भाषा वक्ता गायक कुमः सागरको लवजलाई लिएर एक 'पोडकास्ट'मार्फत खिसीटिउरी गरिएको विषयमा आयोगमा उजुरी परेपछि आयोगले उक्त विषयलाई सम्बोधन गर्दै प्रतिक्रिया जनाएको हो । मातृभाषा प्रयोग गर्ने क्रममा वक्ताको उच्चारण, भाषिक स्तर तथा क्षेत्रीय भिन्नताका आधारमा हुने खिसीटिउरी, अपहेलना र मानमर्दन कार्य भएको विषयमा थप अनुसन्धान र छानबिनका लागि सम्बन्धित निकायमा पठाउने निर्णय पनि आयोगले गरेको छ ।

नेपालभाषा प्रवर्द्धनका लागि काम गर्दै आएको 'नेबा देयः दबू'ले नेपालभाषी वक्तामाथि गरिएको भाषिक अपहेलनाबारे आयोगसमक्ष उजुरी दर्ता गराएको थियो । सो उजुरीका आधारमा आयोगले नेपालमा बोलिने सम्पूर्ण भाषाहरूको सम्मान हुनुपर्ने भन्दै कुनै पनि भाषा वा भाषिक समुदायमाथि हिंसात्मक व्यवहार स्वीकार्य नहुने बताएको हो ।

आयोगले यसप्रकारका घटनाबाट बच्न तथा बचाउन सबै नेपाली नागरिकलाई सामाजिक सहअस्तित्व, सद्भावपूर्ण व्यवहार र एकताको प्रवर्द्धन गर्न आग्रह गरेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘नागरिक संगठनहरूले गणतन्त्र आएको अनुभूति गर्न सकेनन्’

काठमाडौँ, २६ फागुन (रासस)।

गैरसरकारी संस्थालाई नियमन र सहजीकरण गर्ने कानुनी व्यवस्था गर्न गैरसरकारी संस्था महासङ्घ नेपालले सरकारको ध्यानाकर्षण गराएको छ।

गैसस महासङ्घद्वारा सोमबार राष्ट्रिय सभागृहमा आयोजित राष्ट्रिय नागरिक सम्मेलनमा महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले गैरसरकारी संस्थाको दर्ता तथा नियमनका लागि चाँडोभन्दा चाँडो स्पष्ट कानुन निर्माणका लागि सरकारसँग आग्रह गर्नुभयो।

“व्यक्तिगत रूपले गणतन्त्र आएको थाहा पाएका छौँ। नागरिक सङ्गठनको हिसाबले गणतन्त्र आएको अनुभूति गर्न सकेका छैनौँ,” अध्यक्ष सुवेदीले भन्नुभयो, “सङ्गठन चलाउने र भेला हुने संविधानमा व्यवस्था गरिएको मौलिक हकमैत्री कानुनका लागि माग गर्दछु।”

गैरसरकारी संस्थाहरूले स्थानीय तह र प्रदेशमा संस्था दर्ता गर्नुपर्दा दोहोरोपनादेखि विभिन्न किसिमका कर तिर्न बाध्य भएको गुनासो गर्दै आएका छन्। स्पष्ट कानुनको व्यवस्था नहुँदा दोहोरोपना, अस्पष्टता र झन्झट बेहोर्न परेको गुनासो गरिरहेका उनीहरूले यसले सरकारसँग साझेदारी गर्न इच्छुक अन्तरराष्ट्रिय गैससससमेत हतोत्साहित भइरहेको बताउँदै आएको छ।

सम्मेलनमा महासङ्घका अध्यक्ष सुवेदीले सामाजिक उद्यमशीलतामार्फत समृद्धिमा योगदान पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यसका लागि वातावरण सृजना गर्न उहाँले सरकार र राजनीतिक दलहरूको ध्यानाकर्षण गराउनुभयो। “उद्यमशील बन्न चाहन्छौँ, हामी रोजगार सृजना गर्न चाहन्छौँ। उत्पादनमा जोड दिन्छौँ, समृद्धिमा योगदान पुर्‍याउँछौँ। कमाएको आम्दानीबाट राज्यका प्राथमिकताका सामाजिक क्षेत्रमा काम गर्न चाहन्छौँ,” अध्यक्ष सुवेदीले भन्नुभयो।

सो अवसरमा उपस्थित राजनीतिक दल र विज्ञहरूले नियमित सामाजिक उत्तरदायित्व (सिएसआर)को व्यवस्थापनका लागि सुझाव प्रस्तुत गर्नुभएको थियो।

पूर्वपरराष्ट्रमन्त्री डा विमला राई पौडेलले उद्देश्य र कार्यक्षेत्रअनुसार संस्था दर्ता गर्ने र नियमन गर्ने प्रणाली बसाउन कानुन निर्माणको आवश्यकता औँल्याउनुभयो। त्यसका लागि सामाजिक विकास ऐन र सङ्घसंस्था दर्ता ऐन बनाउन ढिलाइ गर्न नहुने उहाँको सुझाव छ।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्यसमेत रहनुभएका पौडेलले गैससले दीर्घकालीन वित्त स्रोतको विकास गर्नतर्फ अग्रसर हुनुपर्ने धारणासमेत व्यक्त गर्नुभयो। “आफ्नो स्रोत छैन, दातृ निकायले उपलब्ध गराउने स्रोतमा निर्भर भइरहेका छौँ। दातृ निकायको दानबाट कतिपय अवस्थामा उसको उद्देश्यअनुसार काम धेरै हुन्छ। उद्देश्य मात्र हैन हामीले गर्ने कार्य प्रणाली पनि उनीहरूले नै ‘डिटेक्ट’ गरेअनुसार हुन्छ, यो ठूलो चुनौती हो”, उहाँले भन्नुभयो, “सामाजिक उद्यम, व्यवसाय प्रवर्द्धन गर्न जरूरी छ।” उहाँले गैससभित्र संस्थागत पारदर्शिता र जवाफदेहिता चुनौतीका रूपमा खडा भइरहेको बताउनुभयो।

“देश सङ्घीय व्यवस्थामा गएसँगै गैससको काम र भूमिका परिवर्तन भएको छ। हामी ‘स्टेट’ हैन, ‘स्टेट’लाई सघाउने संस्था हो। नागरिक र सरकारबीचको दूरी बढाउनेभन्दा पनि अविश्वासको दूरी घटाउन सहयोगी बन्नुपर्छ,” पौडेलले भन्नुभयो।

सम्मेलनमा दिगो विकासका लागि नागरिक समाजको योगदान, दिगोपनाका लागि चुनौती र नीतिगत विकल्पका विषयमा संवाद गरिएको थियो।

सो अवसरमा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष तथा फ्रिडम फोरमका कार्यकारी निर्देशक तारानाथ ढकालले देशभरका नागरिक संस्थाहरूको नियमनका लागि संस्थागत र कानुनी संरचना प्रबन्ध गर्न सरकारसँग अपिल गर्नुभयो। उहाँले राज्यलाई जवाफदेही, पारदर्शी बनाउन र सहकार्य गर्न सङ्गठित संस्थाहरू स्वयं एकीकृत, आत्मविश्वास र हैसियतका साथ अघि बढ्न आह्वानसमेत गर्नुभयो।

“तपाईंहरूको आवाज सुनिएको छैन। नागरिक आन्दोलन कमजोर मनस्थितिमा देखिएको छ। यसबाट मुक्त हुनु म आह्वान गर्छु। नेपालमा नागरिक समाजको आन्दोलन वा गैरसरकारी संस्था आन्दोलन बलियो रूपमा खडा हुनुपर्छ”, ढकालले भन्नुभयो।

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा महासङ्घको ११औँ महाधिवेशन, ३०औँ वार्षिक साधारणसभा र राष्ट्रिय नागरिक सम्मेलनको उद्घाटन गरिएको थियो।


"राजविराज शहर,समृद्ध-हरित नगर"

## राजविराज नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

**आ.व. २०८२/०८३ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७५ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ उपदफा १ बमोजिम अगामी आ.व. २०८२/०८३ मा न्यूनतम् रोजगारीमा संलग्न हुन ईच्छुक १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८१ फाल्गुन मसान्त सम्म तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन फाराम वडा कार्यालयहरु र नगरपलिकाको वेबसाइट www.rajbirajmun.gov.np तथा यस संग सम्बन्धित विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु**

१. निवेदकको नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।
२. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति ।
३. निवेदकको फोटो १ प्रति ।
४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति।
५. अन्यत्रबाट बसाईसराई गरेको हकमा बसाईसराई तथा विवाह गरेर आएको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
६. वैदेशिक रोजगारीबाट फर्किएका भए पासपोर्ट नं., गएको देश, सिकेको सीप लगायत सो सम्बन्धि विवरण र पासपोर्टको फोटोकपी १ प्रति ।

**फारम भर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरु र न्यूनतम आवश्यकता**

- निवेदक बेरोजगार नेपाली नागरिक १८ बर्ष देखि ५९ बर्ष उमेर समूह भित्रको हुनु पर्ने ।
- निवेदन दिँदाको मितिसम्म सोही आर्थिक बर्षमा न्यूनतम १०० दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने।
- निवेदन दिने आर्थिक बर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको हुनु पर्ने।
- राजविराज नगरपालिकामा स्थायी बसोबास भएको ।
- निवेदन फाराममा माग भए बमोजिमको सम्पूर्ण विवरणसहि र स्पष्ट उल्लेख गर्नु पर्ने ।
- चालु आब. २०८१।०८२ मा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुले समेत आगामी आ.ब. २०८२।०८३ मा सञ्चालन हुने न्युनतम रोजगारीमा संलग्न हुन चाहेमा पुनः आवेदन दिनु पर्ने छ ।
- आवेदनमा माग भएका विवरणहरु अनिवार्य रुपमा भर्नुपर्नेछ अन्यथा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट नहुने भएकोले बेरोजगार सूचिमा सूचिकृत गर्न नसकिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

पुनश्चः-फारममा उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नुपर्ने छ । अपुरो फारम मान्य हुने छैन ।


## विश्व समाचार

### अमेरिकी व्यापार युद्धलाई जितेरै छोड्ने लिबरल नेता कार्नीको प्रतिबद्धता

ओटावा, २६ फागुन (रासस/एएफपी)।

क्यानडाका भावी प्रधानमन्त्री मार्क कार्नीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार युद्ध जित्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। लिबरल पार्टीले प्रधानमन्त्री जस्टिन ट्रुडोको उत्तराधिकारीका लागि कार्नीलाई भारी मतले निर्वाचित गरेपछि तत्काल पतिक्रिया दिँदै ‘क्यानडेली जीवनशैली’को पक्षमा पतिक्रिया दिनुभएको हो।

“हामीले यो लडाईंका लागि आग्रह गरेका थिएनौँ। तर जब अरू कसैले हात हाल्छ क्यानडेलीहरू जहिले पनि प्रतिकारका लागि तयार हुन्छन्,” कार्नीले ओटावामा पार्टी समर्थकहरूको ठूलो भीडलाई भन्नुभयो।

“त्यसैले अमेरिकीहरूले कुनै गल्ती नगरून्। हकीमा जस्तै व्यापारमा युद्धमा पनि क्यानडाले जित्नेछ,” आगामी दिनमा ट्रुडोको स्थानमा कार्यभार सम्हाल्ने ५९ वर्षीय कार्नीले हालै अमेरिकाविरूद्धको खेलमा क्यानडाको विजयलाई उल्लेख गर्दै भन्नुभयो। आफ्नो विजय भाषणमा कार्नीले ट्रम्पको नेतृत्वमा रहेको संयुक्त राज्य अमेरिकाले क्यानाडालाई नियन्त्रण गर्न खोजिरहेको चेतावनी दिनुभएको थियो।

“अमेरिकीहरू हाम्रो स्रोत, हाम्रो पानी, हाम्रो भूमि र हाम्रो देश चाहन्छन्”, उहाँले भन्नुभयो, “यो हामीले विश्वास गर्न नसक्ने तर देशले सामना गरिरहेको अँध्यारो दिन हो।”

ट्रम्पले क्यानडाका कामदार, परिवार र व्यवसायमाथि आक्रमण गरेको आरोप लगाउँदै उहाँले भन्नुभयो, “हामी यस क्यानडाविरूद्धको आक्रमणमा उहाँलाई सफल हुन दिन सक्दैनौँ।” “हामी सबै एकअर्काको पक्षमा र क्यानडाको जीवनशैलीका लागि उभिनुपर्छ,” उहाँले भन्नुभयो।

### पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा तीन ‘आप्रबासी’को गोली हानी हत्या

क्वेटा, पाकिस्तान, २६ फागुन (रासस/एएफपी)।

पाकिस्तानको दक्षिणपश्चिमी प्रान्तमा बन्दुकधारीले तीन ‘आप्रवासी’ हजामको गोली हानी हत्या गरेको प्रहरीले सोमबार जनाएको छ। बलुचिस्तानमा देशका अन्य भागबाट आएका मजदुरहरूमाथि आक्रमण बढेको छ र लडाकूहरूले उनीहरूलाई यस क्षेत्रबाट लाभ उठाएको आरोप लगाउने गरेका छन्।

अफगानिस्तान र इरानसँग सीमा जोडिएको सो प्रान्तमा लडाकूहरूले सेनालाई सूचना दिएको आरोप लगाएका आप्रवासी हेयरड्रेसरहरूलाई बारम्बार निशाना बनाइएको छ। पन्जगुर जिल्लाका एक प्रहरी अधिकारी मोहम्मद जैदले एएफपीसँग भन्नुभयो, “सिन्धका तीन हजामले ज्यान गुमाएका छन्।” प्रहरीका अनुसार आइतबार साँझ मोटरसाइकलमा आएका बन्दुकधारीले सैलुन पसलमा पसेर गोली चलाएका थिए। यस आक्रमणको कुनै पनि समूहले जिम्मेवारी लिएको छैन। पृथकतावादी बलुचिस्तान लिबरेशन आर्मी (बीएलए) यस क्षेत्रको सबैभन्दा सक्रिय समूह हो, जसले बाहिरी व्यक्तिहरूलाई यसको समृद्ध स्रोतहरूको दोहन गरेको आरोप लगाउदै आक्रमणहरू गर्ने गरेको छ।

गत फेब्रुअरीमा लडाकूहरूले एक बस रोकेर सात जना पञ्जाबी मजदुरहरूलाई मृत्युदण्ड दिएका थिए। गत वर्षको अप्रिलमा नौश्की शहरमा बसबाट अपहरणमा परेका ११ जना पञ्जाबी मजदुरको पनि मृत्यु भएको थियो भने सोही बर्षको मे महिनामा छ जना पञ्जाबी हजामलाई गोली हानी हत्या गरिएको थियो। बलुचिस्तानको बोलन जिल्लाका प्रहरी अधिकारी सैयद दिलावरका अनुसार आइतबार भएको अर्को घटनामा पाकिस्तानी सेनाका दुई सैनिकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

लडाकूहरू पहाडमा लुकेर बसेको सूचना पाएपछि सैनिकहरूले सुरक्षा कारबाही चलाएको र घन्टौँसम्म भएको गोली हानाहानमा दुई सैनिकको मृत्यु भएको थियो। स्थानीय प्रहरी अधिकारी फजल वकारका अनुसार उत्तरपश्चिम खैबर पख्तुनख्वाको कोहाट जिल्लामा सोमबार बिहान आतङ्कारीले दुई प्रहरी अधिकारीको पनि गोली हानी हत्या गरेका छन्। विगत केही वर्षयता पाकिस्तानी शहरहरूमा आक्रमणहरू विरलै हुने गरेका भएपनि अफगानिस्तानसँगको सीमा क्षेत्रमा हिंसात्मक घटनाहरू बढेका छन्।

### जासूसी गरेको आरोपमा दुई बेलायती 'कूटनीतिज्ञ' लाई देश निकाला गर्ने रूसको भनाइ

मस्को, २६ फागुन (रासस/एएफपी)।

रूसले जासुसी गतिविधि गरेको आरोपमा दुई बेलायती ‘कूटनीतिज्ञ’लाई देश निकाला गर्ने घोषणा गरेको छ। दूतावासका द्वितीय सचिव र प्रथम सचिवका पतिलाई निष्कासन गरेको घोषणा गर्दै रुसको एफएसबी सुरक्षा सेवाले भनेको छ, “प्रतिगुप्तचर कार्यले राष्ट्रिय दूतावासको आवरणमा अघोषित बेलायती गुप्तचर उपस्थिति प्रकट गरेको छ।”

विज्ञप्तिमा भनिएको छ, “हाम्रो देशमा प्रवेश गर्ने अनुमति प्राप्त गर्दा यी दुईले जानाजानी गलत जानकारी दिएका थिए, जसले गर्दा रुसी कानुनको उल्लङ्घन भएको थियो।” बेलायतले उक्त आरोपबारे तत्काल कुनै प्रतिक्रिया दिएको छैन। रुसी विदेश मन्त्रालयले उनीहरूको मान्यता रद्द गरेको छ र उनीहरूलाई दुई हप्ताभित्र रुस छोड्न आदेश दिएको छ। मन्त्रालयले दूतावासका अन्य प्रतिनिधिलाई पनि सोधपुछका लागि बोलाएको टेलिग्राममा एक पोस्टमा उल्लेख गरिएको छ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको २५ बर्षे शासनकालमा गुप्तचर निकायका कारण मस्को र लण्डनबीचको सम्बन्ध तनावपूर्ण बनेको छ।

बेलायतले सन् २००६ मा लण्डनमा भएको विषाक्त आक्रमणमा पूर्व रुसी एजेन्ट तथा क्रेमलिनका आलोचक अलेक्जेन्डर लिटभिनेन्कोको हत्यामा मस्कोको हात रहेको आरोप लगाएको छ। सन् २०१८ मा बेलायत र उसका सहयोगीहरूले पूर्व डबल एजेन्ट सर्गेई स्क्रिपललाई सोभियत कालको नोभिचोक नामक ‘नर्भ एजेन्ट’ (विष) खुवाएको आरोपमा जासूस भनिएका दर्जनौं रुसी दूतावासका अधिकारीहरूलाई देश निकाला गरेका थिए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले क्रेमलिनसँग निकट सम्बन्ध कायम गर्न खोजिरहेको ररुसले युक्रेन द्वन्द्वको दोष अमेरिकाबाट युरोपतिर थोपरिरहेको बेला सोमबारको घोषणा आएको हो।

